जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९० | २०८३ साल जेठ २३ गते शनिबार | Saturday-06-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## बरियारपुर सशस्त्र क्याम्पमा "घुमुवा परिचालन" र अवैध असुलीको आरोप, छानबिनको माग

*शु.आ. सम्बाददाता*
*बारा, २२ जेठ*




बाराको सिमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणको जिम्मेवारी पाएको सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस क्याम्प बरियारपुरका केही सुरक्षाकर्मीमाथि अवैध असुली तथा तस्करी गतिविधिलाई संरक्षण दिएको आरोप सार्वजनिक भएपछि स्थानीय तहमा चर्चा सुरु भएको छ । स्रोतहरूले क्याम्पका सशस्त्र प्रहरी निरीक्षक रमेश कंडेलको कार्यकालमा एक सशस्त्र प्रहरी जवानलाई अनौपचारिक रूपमा 'घुमुवा' परिचालन गरिएको र त्यसको आडमा विभिन्न स्थानबाट अवैध रकम संकलन हुने गरेको आरोप लगाएका छन् ।

सशस्त्र प्रहरी स्रोतका अनुसार बेस क्याम्प बरियारपुरमा कार्यरत सशस्त्र प्रहरी जवान राम प्रवेश कुशवाहा आधिकारिक रूपमा कोट मास्टरको जिम्मेवारीमा रहे पनि व्यवहारमा भने उनलाई सिमावर्ती क्षेत्रको गतिविधि निगरानी तथा समन्वयका नाममा परिचालन गरिएको बताइन्छ। स्रोतको दाबीअनुसार सिम्रौनगढ, कवहीगोठ, दक्षिण भिटकैया, मटिअर्वालगायतका सीमावर्ती नाकाबाट हुने कथित तस्करी गतिविधिमा निगरानीको सट्टा संरक्षण प्रदान गरिएको आरोप छ ।

स्थानीय स्रोतहरूले ती नाकाबाट भित्रिने विभिन्न मालसामान बरियारपुर तथा गञ्जभवानीपुर क्षेत्रमा भण्डारण हुने गरेको र त्यसक्रममा विभिन्न पक्षसँग आर्थिक लेनदेन हुने गरेको दाबी गरेका छन् । स्रोतका अनुसार उक्त गतिविधिबाट संकलित रकमको व्यवस्थापनमा जवान कुशवाहाको भूमिका रहेको आरोप लगाइएको छ। यद्यपि यी आरोपहरू स्वतन्त्र रूपमा पुष्टि हुन सकेका छैनन् ।

त्यस्तै कलैया-बरियारपुर सडकखण्डमा रहेको सशस्त्र प्रहरी चेकपोष्ट आसपासबाट सञ्चालन हुने मालवाहक सवारी, भारतीय नम्बर प्लेटका गाडी, माछा बोकेका सवारी तथा सीमावर्ती क्षेत्रबाट ल्याइने चौपायामाथि समेत अनौपचारिक रकम असुली हुने गरेको आरोप स्थानीय बासिन्दा तथा केही प्रत्यक्षदर्शीहरूले लगाएका छन्। उनीहरूका अनुसार नियमित जाँचको नाममा विभिन्न सवारी तथा व्यवसायीहरूबाट रकम उठाइने गरेको गुनासो छ ।

यस विषयमा प्रतिक्रिया लिन सशस्त्र

बाँकी तेश्रो पृष्ठमा

## त्रिवेणी स्पाईनिङ उधोगमा भीषण आगलागी, १२ दमकलको सहायतामा दुई घण्टापछि नियन्त्रण

*शु.आ. सम्बाददाता*
*बारा, २२ जेठ*



बाराको जितपुरसिमरा उपमहानगरपालिका-९ छातापिप्रास्थित त्रिवेणी स्पाइनिङ धागो उद्योगमा बिहीबार बिहान भएको भीषण आगलागी करिब दुई घण्टाको प्रयासपछि नियन्त्रणमा आएको छ । आगलागीबाट उद्योगको गोदाम, ठूलो परिमाणमा कपास तथा विभिन्न मेसिनरी उपकरण जलेर नष्ट भएका छन् ।

प्रहरीका अनुसार बिहान करिब १०:४० बजे उद्योगभित्र रहेको विद्युत् तार सर्ट भई अचानक आगलागी सुरु भएको थियो। आगलागी भएको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय जितपुरबाट प्रहरी वरिष्ठ निरीक्षक तेजनारायण बैठाको नेतृत्वमा ६ जना प्रहरी, इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी वरिष्ठ निरीक्षक सुरेन्द्र यादवको नेतृत्वमा ४ जना प्रहरी तथा औद्योगिक सुरक्षा बेस जितपुरबाट सशस्त्र प्रहरी नायब निरीक्षक एकवाल यादवको नेतृत्वमा ५ जना सशस्त्र प्रहरी घटनास्थलतर्फ खटिएका थिए ।

आगलागी नियन्त्रणका लागि जितपुरसिमरा उपमहानगरपालिका, कलैया उपमहानगरपालिका, नेपाल आयल निगम अमलेखगञ्ज तथा वीरगञ्ज महानगरपालिकाका दमकल परिचालन गरिएको थियो । आगोको तीव्रता बढ्दै गएपछि थप सहयोगका लागि कोल्हवी नगरपालिका, निजगढ नगरपालिका, गढीमाई नगरपालिका, सखुवा प्रसौनी गाउँपालिका (पर्सा), माइक्रो पोलिसियन वीरगञ्ज, रिपुमर्दन गण तथा श्रीजंग गण नेपाली सेनाका दमकलसमेत परिचालन गरिएको थियो । यसरी कुल १२ वटा दमकल, सुरक्षा निकाय र स्थानीयवासीको संयुक्त प्रयासबाट आगो नियन्त्रणमा ल्याइएको हो ।

घटनास्थलमा जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, नम्बर १२ गण हेडक्वार्टर कलैयाबाट सशस्त्र प्रहरी उपरीक्षक बिकाल सिलवाल तथा इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी नायब उपरीक्षक दिलिप क्षेत्रीलगायतको टोलीले आगो नियन्त्रण कार्यको नेतृत्व गरेका थिए । निरन्तर प्रयासपछि दिउँसो करिब १२:३० बजे आगलागी पूर्ण रूपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ।

प्रारम्भिक विवरणअनुसार आगलागीबाट करिब १८० टन कपास जलेर नष्ट भएको छ। साथै आरसीसी संरचनासहित टिनले छाएको करिब ५० फिट चौडाइ र ८० फिट लम्बाइ रहेको एक गोदाम पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। उद्योगमा जडान गरिएका दुई वटा कन्डेन्सर, एउटा एमबीओ (:घ्इ) मेसिन र एउटा एमओ (:इ) मेसिनसमेत जलेर नष्ट भएको जनाइएको छ ।

यद्यपि आगलागीबाट भएको कुल आर्थिक क्षतिको यकिन विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ । उद्योगमा ठूलो परिमाणमा कच्चा पदार्थ र मेसिनरी सामग्री रहेको कारण क्षति करोडौं रुपैयाँ पुग्न सक्ने अनुमान गरिएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको तथा क्षतिको विस्तृत विवरण संकलन गर्ने कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । आगलागीबाट मानवीय क्षति भने नभएको प्रारम्भिक जानकारी प्राप्त भएको छ ।

## फोहोर व्यवस्थापनमा करोडौं खर्च, योजना शून्यः जितपुर-सिमरा उपमहानगरपालिकामाथि महालेखाको कडा प्रश्न

*शु.आ. सम्बाददाता*
*बारा, २२ जेठ*




जितपुर-सिमरा उपमहानगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापनका नाममा करोडौं रुपैयाँ खर्च गरे पनि दीर्घकालीन योजना, आफ्नै ल्याण्डफिल्ड साइट र प्रभावकारी व्यवस्थापन प्रणालीको अभाव रहेको तथ्य सार्वजनिक भएको छ। महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को सार्वजनिक प्रतिवेदनमा उपमहानगरपालिकाको फोहोर व्यवस्थापन क्षेत्रमा देखिएका गम्भीर कमजोरीहरू औंल्याउँदै तत्काल सुधारका लागि सुझाव दिएको छ ।

महालेखा प्रतिवेदनअनुसार उपमहानगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापनका लागि कुनै स्पष्ट योजना तयार गरेको छैन । नगर क्षेत्रभित्र संकलन हुने फोहोरको वर्गीकरणसमेत व्यवस्थित रूपमा गरिएको पाइँदैन । यद्यपि नगरसरसफाइ तथा फोहोर व्यवस्थापन शीर्षकमा १ करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो। सो बजेटबाट विभिन्न संघसंस्था तथा व्यक्तिलाई १ करोड ७७ लाख ७ हजार ५५६ रुपैयाँ भुक्तानी गरिएको देखिन्छ । फोहोर ढुवानीमा प्रयोग भएका सवारी साधनको इन्धन खर्च जोड्दा वास्तविक खर्च अझै बढी हुने प्रतिवेदनले उल्लेख गरेको छ ।

प्रतिवेदनले उपमहानगरपालिकाको सबैभन्दा ठूलो कमजोरी आफ्नै ल्याण्डफिल्ड साइट नहुनुलाई मानेको छ । नगरले संकलन गरेको फोहोर व्यवस्थापनका लागि वीरगञ्ज महानगरपालिकाको फोहोर प्रशोधन केन्द्र प्रयोग गर्दै आएको छ। यसका लागि प्रतिमेट्रिकटन १ हजार ८ सय ५५ रुपैयाँका दरले शुल्क तिर्ने गरिएको छ । आर्थिक वर्षभर वीरगञ्ज महानगरपालिकालाई मात्रै ५५ लाख ६९ हजार रुपैयाँभन्दा बढी रकम फोहोर व्यवस्थापन शुल्कबापत भुक्तानी गरिएको देखिएको छ ।

महालेखाले यस्तो अवस्था दीर्घकालीन रूपमा आर्थिक रूपमा बोझिलो र जोखिमपूर्ण रहेको टिप्पणी गरेको छ। भविष्यमा वीरगञ्ज महानगरपालिकाले प्रयोग गरिरहेको फोहोर व्यवस्थापन स्थलमा समस्या उत्पन्न भए वा फोहोर व्यवस्थापन सेवा अवरुद्ध भए जितपुर-सिमरा उपमहानगरपालिका गम्भीर संकटमा पर्न सक्ने चेतावनी प्रतिवेदनले दिएको छ। त्यसैले आफ्नै ल्याण्डफिल्ड साइटको व्यवस्था गरी फोहोरको वर्गीकरण, प्रशोधन र व्यवस्थापनको दिगो प्रणाली विकास गर्न तत्काल पहल गर्नुपर्ने सुझाव दिइएको छ।

महालेखा प्रतिवेदनले फोहोर व्यवस्थापनको नाममा विभिन्न संस्था तथा व्यक्तिसँग गरिएको सम्झौता र भुक्तानी प्रक्रियामाथि पनि प्रश्न उठाएको छ । प्रतिवेदनअनुसार नगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापनका लागि मासिक रूपमा विभिन्न संस्था तथा व्यक्तिलाई रकम भुक्तानी गर्दै आएको छ। तर यस्तो कार्य आफैंले आवश्यक सवारी साधन र कर्मचारी परिचालन गरेर पनि गर्न सकिने अवस्था देखिँदा बारम्बार बाह्य पक्षलाई जिम्मा दिनु खर्चिलो र मितव्ययी सिद्धान्तविपरीत भएको प्रतिवेदनको निष्कर्ष छ ।

यसबाहेक नगरपालिकाले दैनिक ज्यालादारीमा सरसफाइकर्मी परिचालन गरी मासिक औसत ५ लाख ८० हजार रुपैयाँका दरले वार्षिक करिब ७० लाख रुपैयाँ खर्च गरेको पाइएको छ । महालेखाले यस्ता खर्चहरू आवश्यकताको स्पष्ट आधार, कार्यसम्पादन मूल्यांकन र विश्वसनीय

बाँकी तेश्रो पृष्ठमा

## सूचना तथा विज्ञापनसम्बन्धी सरकारी निर्णय विरुद्ध पत्रकार महासंघको आन्दोलन थप सशक्त

*बारा, २२ जेठ*




नेपाल पत्रकार महासंघले सूचना तथा विज्ञापनसम्बन्धी आफूले विभेदकारी र स्वेच्छाचारी ठहर गरेको सरकारी निर्णय खारेज गराउन थप आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ।

महासंघले प्रेस स्वतन्त्रता, सञ्चारमाध्यमको संवैधानिक अधिकार तथा नागरिकको सूचनामाथिको पहुँच सुनिश्चित गर्न चरणबद्ध आन्दोलनलाई निरन्तरता दिने जनाएको छ । साथै संसदमार्फत सर्वपक्षीय कार्यदल गठन गरी संविधान संशोधन प्रक्रियालाई अघि बढाउन समेत पहल गर्नुपर्ने माग दोहोर्‍याएको छ।

सार्वजनिक कार्यक्रमअनुसार जेठ २५ गते देशभरका महासंघका संरचनाबाट सङ्कलित हस्ताक्षर प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीसमक्ष बुझाइनेछ। त्यसपछि जेठ २७ र २९ गते बिहान ११ बजेदेखि १२ बजेसम्म देशभरका जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना कार्यक्रम सञ्चालन गरिनेछ।

यस्तै असार १ र ३ गते प्रदेश समितिहरूको नेतृत्वमा सम्बन्धित प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा धर्ना दिइने कार्यक्रम तय गरिएको छ। आन्दोलनको अन्तिम चरणस्वरूप असार ५ गते काठमाडौंमा सञ्चारकर्मी, पेशागत संघसंस्था तथा विभिन्न सरोकारवालाको सहभागितामा वृहत् ऐक्यबद्धता र्‍याली आयोजना गरिने महासंघले जनाएको छ।

महासंघले २०८२ चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी परिपत्रले सरकारी विज्ञापन तथा सार्वजनिक सूचनाबाट निजी सञ्चारमाध्यमलाई वञ्चित गरेको आरोप लगाउँदै त्यसको खारेजीको माग गर्दै आएको छ ।

महासंघका अनुसार विगत दुई महिनादेखि संवाद र दबाबका विभिन्न प्रयास भए पनि सरकारले मागप्रति ठोस प्रतिक्रिया नजनाएकाले आन्दोलनलाई थप सशक्त बनाउनुपरेको हो।

महासंघले आन्दोलनमा सक्रिय सहभागिताका लागि सम्पूर्ण पत्रकार, सञ्चारगृह, पेशागत संगठन तथा प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्ध सबै पक्षलाई आह्वान गरेको छ । साथै यसअघि सञ्चालन भएका आन्दोलनमा प्राप्त सहयोग, ऐक्यबद्धता र समर्थनप्रति धन्यवाद व्यक्त गरेको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### सम्पत्ति पाएपछि बिर्सिने सन्तान, असहाय बन्दै अभिभावक

रौतहटका हफि महम्मद अन्सारी र रोजैदा खातुनको पीडा केवल एउटा परिवारको कथा होइन, यो हाम्रो समाजमा बढ्दै गएको एउटा गम्भीर सामाजिक समस्याको प्रतिनिधि घटना हो । जीवनभरको मेहनत, पसिना र त्यागबाट जोडेको सम्पत्ति आफ्नै सन्तानको नाममा हस्तान्तरण गरेपछि बुढेसकालमा सहाराविहीन बन्नु कुनै पनि अभिभावकका लागि अत्यन्त दुःखद अवस्था हो । नेपालको सामाजिक संरचनामा सन्तानलाई बुढेसकालको आधार र भरोसाका रुपमा हेरिन्छ । यही विश्वासका आधारमा धेरै अभिभावकले आफ्नो सम्पत्ति जीवित अवस्थामै छोराछोरीका नाममा नामसारी गरिदिन्छन् । तर कतिपय अवस्थामा यही विश्वास अभिशाप बन्ने गरेको छ । सम्पत्ति प्राप्त गरेपछि अभिभावकप्रतिको जिम्मेवारी बिर्सिने प्रवृत्ति बढ्दै जानु चिन्ताको विषय हो । रौतहटको यो घटनाले त्यही कटु यथार्थ उजागर गरेको छ ।
सम्पत्ति हस्तान्तरण केवल कानुनी प्रक्रिया मात्र होइन, यससँग नैतिक जिम्मेवारी पनि जोडिएको हुन्छ । अभिभावकको सम्पत्ति उपयोग गर्ने सन्तानले उनीहरुको पालनपोषण, सम्मान र संरक्षणको दायित्व निर्वाह गर्नुपर्छ । यदि सम्पत्ति पाएपछि अभिभावक नै असुरक्षित र न्यायको खोजीमा सरकारी कार्यालय धाउन बाध्य हुन्छन् भने त्यो केवल पारिवारिक असफलता मात्र नभई सामाजिक संवेदनशीलताको पतन पनि हो । यो घटनाले वृद्धवृद्धाको अधिकार संरक्षणका लागि राज्य संयन्त्र अझ प्रभावकारी हुनुपर्ने आवश्यकता औँल्याएको छ । साथै सम्पत्ति हस्तान्तरणअघि अभिभावकले आफ्नो भविष्यको सुरक्षा सुनिश्चित गर्ने कानुनी व्यवस्था र सचेतनालाई पनि प्राथमिकता दिन आवश्यक देखिन्छ । परिवार, समाज र राज्य तीनै पक्षले वृद्धवृद्धाको सम्मानजनक जीवन सुनिश्चित गर्न ध्यान नदिने हो भने यस्ता घटनाहरु अझ बढ्न सक्ने खतरा रहन्छ ।
अन्ततः, सन्तानले सम्पत्ति मात्र होइन, अभिभावकको त्याग र माया पनि उत्तराधिकारका रुपमा प्राप्त गरेको हुन्छ । सम्पत्तिको अधिकारसँगै अभिभावकप्रतिको कर्तव्य निर्वाह गर्नु नै सभ्य समाजको पहिचान हो । हफि महम्मद अन्सारी दम्पतीको पीडाले हामी सबैलाई यही प्रश्न सोधिरहेको छ–सम्पत्तिभन्दा ठूलो अभिभावकको सम्मान होइन र?

# ऐनमा न्याय, समाजमा अन्याय



शान्तामाया परियार

नेपालको संविधान र कानुनका ठेलीहरू पल्टाउँदा जोसुकै कानुनका विद्यार्थीमा पनि एउटा नागरिक गौरव जाग्छ । 'मुलुकी देवानी संहिता २०७४' र 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८' का अक्षरहरूले भन्छन्, 'नेपालमा सबै नागरिक समान छन्, जातका आधारमा कसैलाई विभेद गरिने छैन ।' कानुनको यो सैद्धान्तिक पाटो जति सुन्दर र प्रगतिशील छ, कलेजको कोठाबाट बाहिर निस्केर समाजको ऐना हेर्दा यथार्थ त्यति नै कुरूप र विभेदकारी देखिन्छ । आज जेठ २१ गते । अर्थात्, नेपाललाई 'जातीय भेदभाव तथा छुवाछूत मुक्त राष्ट्र' घोषणा गरिएको ऐतिहासिक दिवस । तर, दुई दशक पुग्न लाग्दा पनि यो दिवसले भुइँ तहका मानिसको आँसु पुछ्न र नागरिक आत्मसम्मान दिलाउन सकेको छ वा छैन ? यो प्रश्न आजको दिनमा सबैभन्दा टड्कारो बनेको छ ।
नेपाल निर्माणको इतिहास र यो समाजलाई जीवन्त राख्न दलित समुदायको योगदान अतुलनीय छ । कपडा सिलाएर समाजलाई सभ्यता दिने, फलाम र तामा पगालेर हतियार र कृषि औजार बनाउने, जुत्ता सिलाएर समाजको गोडालाई सुरक्षा दिने तथा कला र संगीतको माध्यमबाट समाजलाई उत्सव मनाउन सिकाउने शिल्पकारहरू नै यो धर्तीका पहिलो वैज्ञानिक र श्रमिक हुन् । तर विडम्बना, सिंगो समाजलाई सीप, प्रविधि, कला र श्रम दिने तिनै समग्र दलित समुदायलाई नै यो राज्य र सामाजिक व्यवस्थाले सधैं पिँधमा पार्‍यो । समाजलाई आधुनिक बनाउने सीप र श्रम चल्ने, तर तिनै मानिसको पानी र रगत नचल्ने यो कस्तो अचम्मको सामाजिक संरचना हो ?
नेपालको संविधानको धारा २४ ले छुवाछूत तथा भेदभावविरुद्धको हकलाई मौलिक हकको रूपमा ग्यारेन्टी गरेको छ । राज्यले जेठ २१ लाई राष्ट्रिय दिवस पनि घोषणा गर्‍यो । कानुनी रूपमा हामी संसारकै उत्कृष्ट देशहरूमध्ये एक हौं । तर, ऐनमा लेखिएको न्याय र समाजमा भोगिएको अन्यायबीच एउटा ठूलो खाडल छ । आज पनि सार्वजनिक धारा वा मन्दिर छोएको निहुँमा दलितहरू कुटिनुपर्छ । अन्तरजातीय प्रेम गरेकै कारण नवराज विकहरूले ज्यान गुमाउनुपर्छ । सुदूरपश्चिम र मधेसका दलित महिलाहरू अझै पनि चरम दोहोरो उत्पीडनको सिकार भइरहेका छन् । सहरमा शिक्षित भनिएका घरबेटीहरू जात थाहा पाउनासाथ 'कोठा खाली छैन' भन्दै ढोका बन्द गर्छन् । यो कस्तो लोकतन्त्र हो, जहाँ एउटा नागरिकले आफ्नो योग्यता र क्षमताभन्दा पहिले आफ्नो जातको परीक्षा दिनुपर्छ ?
समस्या कानुनमा होइन, समाजको मानसिकता र कानुन कार्यान्वयन गर्ने निकायमा छ । जब समाजमा कुनै छुवाछूतको घटना हुन्छ, पहिलो चुनौती प्रहरी प्रशासनमा मुद्दा दर्ता गराउनु नै हुन्छ। 'गाउँको कुरा गाउँमै मिलाउनुस्' भन्दै कानुनी उपचार खोज्न आएका पीडितलाई दबाब दिइन्छ । कथित उपल्लो जातको दबाब वा राजनीतिक संरक्षणका कारण मुद्दाहरूलाई कमजोर बनाइन्छ वा सामाजिक मेलमिलापको नाममा टुंग्याइन्छ । फौजदारी कसुरलाई मेलमिलापमा टुंग्याउनु भनेको न्यायको हत्या गर्नु र अपराधीलाई प्रोत्साहन गर्नु हो । कानुनी राज्यको उपहास तब हुन्छ, जब न्याय दिने ठाउँमा बस्नेहरू नै उही रुढिवादी सोचबाट ग्रसित हुन्छन् ।
अहिले विभेदको रूप फेरिएको छ । हिजो खुला रूपमा हुन्थ्यो, आज भित्रभित्रै 'सभ्य र प्राज्ञिक' रूपमा हुन्छ । सामाजिक सञ्जालमा दलित अधिकारका कुरा गर्दा 'आरक्षणले देश बिगार्‍यो' भन्दै नयाँ पुस्ताकै युवाहरू गालीगलौजमा उत्रिन्छन् । हिजोका पुस्ताले नबुझेर विभेद गरे होला, तर आजको पढेलेखेको पुस्ताले पनि सामाजिक सञ्जाल र चिया पसलमा दलित समुदायप्रति पूर्वाग्रह राख्नु गम्भीर चिन्ताको विषय हो ।
दलित समुदायलाई सधैं 'पीडित, असहाय र दयाको पात्र'का रूपमा मात्र हेरिने भाष्य अब बदलाइनुपर्छ । यो समुदाय दया वा सहानुभूति चाहँदैन, केवल संविधानले दिएको समान अधिकार र मानवीय गरिमा चाहन्छ । कानुनी क्षेत्रमा दलित समुदायको पहुँच र उपस्थिति कमजोर भएकै कारण धेरै मुद्दाहरू अदालतसम्म पुग्नै पाउँदैनन् । त्यसैले, अबको नयाँ पुस्ताले कानुन र न्यायको क्षेत्रमा आफ्नो बलियो उपस्थिति जनाउनु आवश्यक छ, ताकि भोलि कोही उत्पीडित दलित न्याय माग्न आउँदा उसले अदालतको ढोकामा राज्यको तर्फबाट साँचो न्याय पाउन सकोस् ।
जेठ २१ लाई केवल सरकारी औपचारिकता, भाषण र र्‍यालीमा मात्र सीमित नगरौं । यो दिवस आत्मसमीक्षाको दिन बन्नुपर्छ । गैर-दलित समुदायले सोच्नुपर्ने बेला आएको छ, के उनीहरू वास्तविक रूपमा विभेदमुक्त समाज निर्माण गर्न तयार छन् ? जबसम्म समाजको चेतनामा शल्यक्रिया हुँदैन, तबसम्म कागजी कानुनले मात्र पूर्ण परिवर्तन ल्याउन सक्दैन । जात व्यवस्थाले दलितलाई मात्र होइन, सिंगो देशको विकास, अर्थतन्त्र र मानवीय मूल्यलाई थिचेको छ ।
एउटा सुखद र समतामूलक भविष्यको कल्पना तबमात्र साकार हुन्छ, जहाँ भोलिको पुस्ताले कलेज भर्ना हुँदा, कोठा खोज्दा वा न्यायको ढोका ढकढकाउँदा आफ्नो जात लुकाउनुपर्ने छैन । कानुनका शब्दहरू किताबबाट बाहिर निस्केर समाजको व्यवहारमा अनुदित हुनुपर्छ । ऐनको न्याय सिंगो समाजको यथार्थ बनोस्, जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसको यही हार्दिक शुभकामना ।
दलित समुदायलाई सधैं 'पीडित, असहाय र दयाको पात्र'का रूपमा मात्र हेरिने भाष्य अब बदलिनु पर्छ । यो समुदाय दया वा सहानुभूति चाहँदैन, केवल संविधानले दिएको समान अधिकार र मानवीय गरिमा चाहन्छ । त्यसैले, अबको नयाँ पुस्ताले कानुन र न्यायको क्षेत्रमा आफ्नो बलियो उपस्थिति जनाउनु आवश्यक छ, ताकि भोलि कोही उत्पीडित दलित न्याय माग्न आउँदा उसले अदालतको ढोकामा राज्यको तर्फबाट साँचो न्याय पाउन सकोस् ।


गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर



जनहितमा जारी सन्देश

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

पटेर्वा सुगौली गाउँपालिका
पटेर्वा सुगौली, पर्सा

## अन्तराष्ट्रिय समाचार

# राष्ट्रपति सी उत्तर कोरिया भ्रमणमा जाँदै

***एजेन्सी-*** चिनियाँ राष्ट्रपति सी जिनपिङले आगामी हप्ता उत्तर कोरियाको राजकीय भ्रमण गर्ने भएका छन् । सन् २०१९ यता पहिलो पटक हुन लागेको यो भ्रमणलाई चीनले प्योङयाङसँगको आफ्नो प्रभाव र रणनीतिक सम्बन्ध पुनः मजबुत बनाउने प्रयासका रूपमा हेरिएको छ । चीन र उत्तर कोरियाले शुक्रबार सार्वजनिक गरेको जानकारीअनुसार सीले सोमबारदेखि मंगलबारसम्म उत्तर कोरियाको भ्रमण गर्ने कार्यक्रम तय भएको छ। उनको पछिल्लो भ्रमण जुन २०१९ मा भएको थियो ।




यो भ्रमण उत्तर कोरियाली नेता किम जोङ उनले पछिल्ला वर्षहरूमा रुससँग निकटता बढाइरहेका बेला हुन लागेको हो । विशेषगरी युक्रेन युद्धमा समर्थनस्वरूप उत्तर कोरियामाथि रुसलाई सैनिक र परम्परागत हतियार उपलब्ध गराएको आरोप लाग्दै आएको छ । यद्यपि चीन अझै पनि उत्तर कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार र प्रमुख सहायता प्रदायक बनेको छ ।

अन्तर्राष्ट्रिय संकट समूहका विश्लेषक विलियम याङका अनुसार रुससँग उत्तर कोरियाको सम्बन्ध विस्तार भइरहेका बेला चीनले सीको भ्रमणमार्फत प्योङयाङमा आफ्नो प्रभाव पुनः स्थापित गर्न र उत्तरपूर्वी एसियामा आफ्ना रणनीतिक हित सुरक्षित गर्न खोजिरहेको छ । सीको भ्रमण बेइजिङमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भएका उच्चस्तरीय भेटघाटपछि हुन लागेको हो । यसलाई चीनले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा आफ्नो भूमिका बलियो बनाउने प्रयासका रूपमा पनि हेरिएको छ । भ्रमणको घोषणा उत्तर कोरियाले आणविक बम निर्माणका लागि आवश्यक सामग्री उत्पादन गर्न सक्ने नयाँ सुविधा सार्वजनिक गरेको भोलिपल्ट गरिएको हो । दक्षिण कोरियाली सेनाले उक्त संरचनालाई युरेनियम संवर्धन केन्द्रका रूपमा मूल्यांकन गरेको छ ।

उक्त केन्द्रको निरीक्षणका क्रममा किमले देशको आणविक शक्तिलाई द्रुत रूपमा बढाउने योजना सार्वजनिक गरेका थिए । विज्ञहरूका अनुसार यसले सीको भ्रमणअघि उत्तर कोरियाले आफूलाई आणविक शक्ति राष्ट्रका रूपमा अझ बलियो रूपमा प्रस्तुत गर्न खोजेको संकेत दिएको छ ।

विश्लेषकहरूका अनुसार किम उत्तर कोरियालाई अन्तर्राष्ट्रिय रूपमा आणविक राष्ट्रका रूपमा स्वीकार गराउँदै प्रतिबन्ध हटाउन वा खुकुलो बनाउन चाहन्छन्। साथै भविष्यमा अमेरिकासँग हुने सम्भावित वार्तामा आणविक कार्यक्रमको आंशिक कटौतीको बदलामा राजनीतिक तथा आर्थिक रियायत प्राप्त गर्ने रणनीति पनि उनको हुन सक्ने आकलन गरिएको छ ।

सन् २०१९ मा ट्रम्पसँगको कूटनीतिक प्रयास असफल भएपछि किमले आणविक कार्यक्रम विस्तारलाई प्राथमिकता दिँदै आएका छन् । ट्रम्पले भने पुनः वार्ताको इच्छा व्यक्त गरिरहेका छन् । तर उत्तर कोरियाले अमेरिकाले आणविक निःशस्त्रीकरणलाई पूर्वसर्त बनाउन छाडेपछि मात्र सार्थक संवाद सम्भव हुने अडान राखेको छ ।

गत सेप्टेम्बरमा बेइजिङमा भेटवार्ता गर्दा सी र किमले आपसी सहयोग तथा समर्थन बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यतिबेला किम चिनियाँ सैन्य परेडमा सहभागी हुन बेइजिङ पुगेका थिए ।

रुस र चीनले विगतमा उत्तर कोरियामाथि थप कडा अन्तर्राष्ट्रिय प्रतिबन्ध लगाउने अमेरिकी प्रयासहरूको विरोध गर्दै आएका छन् । गत महिना बेइजिङमा भएको भेटमा पुटिन र सीले उत्तर कोरियामाथि आर्थिक प्रतिबन्ध, राजनीतिक अलगाव र सैन्य दबाब बढाउने गतिविधिको विरोधसमेत गरेका थिए।

पछिल्ला वर्षहरूमा किमले बहुध्रुवीय विश्व व्यवस्थाको पक्षमा उभिँदै अमेरिका र उसका साझेदार राष्ट्रहरूसँग तनावमा रहेका देशहरूसँग सम्बन्ध विस्तार गर्ने नीति अघि बढाएका छन् ।

कोभिड-१९ महामारीपछि विदेश भ्रमण घटाएका सीका लागि पनि यो भ्रमण महत्त्वपूर्ण मानिएको छ । विश्लेषकहरूका अनुसार उत्तर कोरियाको यो भ्रमणले चीन-उत्तर कोरिया सम्बन्ध मात्र नभई उत्तरपूर्वी एसियाको सुरक्षा र शक्ति समीकरणमा पनि नयाँ सन्देश दिनेछ ।

## बरियारपुर........

प्रहरी निरीक्षक रमेश कंडेलसँग सम्पर्क गर्दा उनले आरोपहरू अस्वीकार गरेका छन् । उनले सशस्त्र प्रहरी जवान राम प्रवेश कुशवाहा कोट मास्टरको जिम्मेवारीमा मात्र रहेको दावी गर्दै तस्करी नियन्त्रणका क्रममा बाहिरबाट आवश्यक रासन तथा अन्य सामग्री ल्याउने काममा खटिने गरेको बताएका छन् । साथै आरोप लगाउने वा गुनासो गर्ने व्यक्तिलाई प्रत्यक्ष रूपमा आफूसँग भेटाउन समेत उनले आग्रह गरेका छन् ।

यता स्थानीय सरोकारवालाहरूले सीमावर्ती क्षेत्रमा पटक-पटक यस्ता गुनासा उठिरहेकाले सम्बन्धित निकायले निष्पक्ष छानबिन गर्नुपर्ने बताएका छन् । उनीहरूको भनाइमा यदि आरोप निराधार भए सम्बन्धित सुरक्षाकर्मीको प्रतिष्ठा जोगिनुपर्छ भने आरोप सत्य ठहरिए दोषीमाथि कडा कारबाही हुनुपर्छ ।

सीमा सुरक्षा र तस्करी नियन्त्रण जस्तो संवेदनशील जिम्मेवारी बोकेको निकायमाथि नै संरक्षण र असुलीका आरोप लाग्नु गम्भीर विषय भएको भन्दै स्थानीयहरूले सशस्त्र प्रहरी बलको प्रदेश तथा केन्द्रीय नेतृत्वले घटनाबारे सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन् । आरोप र प्रत्यारोपबीच वास्तविकता के हो भन्ने विषय अब आधिकारिक छानबिनबाट मात्रै स्पष्ट हुने देखिएको छ ।

## फोहोर...........

ढंगबाट व्यवस्थापन गरिएको सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। अझ गम्भीर विषय भनेको उपमहानगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापनबापत नागरिकबाट शुल्क तथा राजस्व संकलन नगरेको तथ्य हो । प्रतिवेदनले फोहोर व्यवस्थापन योजना तयार गरी सेवा शुल्क संकलनको व्यवस्था गर्न र संकलित फोहोरको प्रशोधन तथा व्यवस्थापनमा लाग्ने खर्चलाई प्राप्त हुने राजस्वसँग जोडेर आर्थिक अनुशासन कायम गर्न सुझाव दिएको छ। महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले जितपुर-सिमरा उपमहानगरपालिकामा फोहोर व्यवस्थापनको क्षेत्रमा नीतिगत कमजोरी, खर्चको प्रभावकारितामाथि प्रश्न, दीर्घकालीन पूर्वाधार अभाव तथा राजस्व व्यवस्थापनमा लापरबाही रहेको स्पष्ट पारेको छ। करोडौं रुपैयाँ खर्च हुँदाहुँदै पनि नगरले आफ्नै फोहोर व्यवस्थापन प्रणाली विकास गर्न नसक्नु स्थानीय सरकारको कार्यक्षमतामाथि गम्भीर प्रश्नचिह्न बनेको छ । अब उपमहानगरपालिकाले महालेखाका सुझावलाई कत्तिको कार्यान्वयन गर्छ भन्ने विषय नगरवासीका लागि चासोको विषय बनेको छ ।

## साक्षर...........

विद्यालयहरू सक्रिय रूपमा लागिरहेकोमा खुसी व्यक्त गरे ।

कार्यक्रममा कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेशमलाल कणेल, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका बैकुण्ठ आचार्य, विभिन्न पालिकाका शिक्षा शाखा प्रमुख, नेपाल शिक्षक महासंघका प्रतिनिधि, साझेदारी नेटवर्क, दलित जनजाति उत्थान केन्द्र, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका प्रतिनिधिलगायत शिक्षा क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता शिक्षा विकास तथा समन्वय इकाई बाराका प्रमुख अशोककुमार रौनियारले गरेका थिए भने स्वागत मन्तव्य बैकुण्ठ आचार्यले व्यक्त गर्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेका थिए । सहभागीहरूले साक्षर जिल्ला घोषणा प्रक्रियाका चुनौती, सम्भावना तथा समाधानका उपायबारे छलफल गर्दै बारालाई पूर्ण साक्षर जिल्ला घोषणा गर्ने अभियानलाई सफल बनाउन प्रतिबद्धता व्यक्त गरेका थिए ।

# हावाहुरीबाट घरविहीन बनेकी एकल दलित महिलालाई युवा नेता कृष्ण साहद्वारा रू. ५१ हजार सहयोग

***राजन कुमार बानिया***
***पर्सा, २२ जेठ***

ठोरी गाउँपालिका-१ भगवाननगर टाडीकी दलित, एकल महिला तथा भूमिहीन सुकुम्बासी कुमारी सुनारलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का युवा नेता कृष्ण साहले रु. ५१ हजार आर्थिक सहयोग प्रदान गरेका छन् ।



गत जेठ १० गते आएको भीषण हावाहुरीका कारण सुनारको घर पूर्ण रूपमा ध्वस्त भएको थियो । स्थानीयवासी तथा भारतीय सेनामा कार्यरत उदय थापाबाट प्राप्त सूचनाका आधारमा घटनास्थल पुगेर निरीक्षण गर्दा घर बस्नै नसक्ने अवस्थामा पुगेको पाइएको साहले सामाजिक सञ्जालमार्फत जानकारी दिएका छन् । घर भत्किएपछि सुनार छिमेकीको गोठमा खाना पकाएर खाने र राति अर्कै छिमेकीको घरमा आश्रय लिएर बस्न बाध्य भएकी छन् । वृद्धभत्ताको भरमा जीवनयापन गर्दै आएकी सुनारका श्रीमानको निधन भइसकेको छ भने उनका दुई छोरा विगत करिब १५ वर्षदेखि सम्पर्कविहीन रहेको बताइएको छ। आफ्नै घर, जग्गाजमिन तथा पारिवारिक सहारासमेत नभएका कारण उनको जीवनयापन अत्यन्त कष्टकर बनेको छ ।

सुनारको दयनीय अवस्थालाई मध्यनजर गर्दै युवा नेता साहले व्यक्तिगत रूपमा रु. ५१ हजार सहयोग उपलब्ध गराएका हुन् । उनले विपन्न तथा असहाय नागरिकको समस्यामा सबै पक्ष संवेदनशील बन्नुपर्ने आवश्यकता औंल्याउँदै मानवीय सेवामा निरन्तर सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

स्थानीयवासीले कठिन परिस्थितिमा गरिएको उक्त सहयोगको प्रशंसा गर्दै पीडितको स्थायी आवास व्यवस्थापनका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

**समाजिक सञ्जालको दुरुपयोग नगरौं ।**

# दाबर प्रिमियर लिगः रास्वपा नेता अफताबद्धारा खेलाडीको हौसला बढाउन सहभागिता

***शु. आ. सम्बाददाता***
***रौतहट, २२ जेठ***

रौतहट जिल्लाको राजपुर नगरपालिका अन्तर्गत जारी 'दाबर प्रिमियर लिग' (डीपीएल) क्रिकेट प्रतियोगितामा राष्ट्रिय स्वतन्त्र पार्टीका स्थानीय नेताले सक्रिय सहभागिता जनाएका छन् । रास्वपा रौतहटको जिल्ला संगठन विभाग सदस्य एवं आगामी प्रदेशसभा निर्वाचनका लागि सम्भावित उम्मेदवारका रूपमा हेरिएका युवा नेता मोहम्मद अफताब (आफताव) ले प्रतियोगिताको अवलोकन गर्दै खेलाडीहरूलाई प्रोत्साहन गरेका हुन् । खेलकुदमार्फत युवा वर्गमा अनुशासन, उत्तरदायित्व र सकारात्मक ऊर्जा प्रवाह हुने विश्वास व्यक्त गर्दै नेता अफताबले मैदानमै पुगेर खेलाडीहरूको मनोबल बढाएका थिए । युवाहरूको अन्तर्निहित क्षमता प्रस्फुटन, नयाँ प्रतिभाको पहिचान र सामाजिक एकता मजबुत बनाउन स्थानीय स्तरमा हुने यस्ता खेलकुद गतिविधिहरूले कोसेढुङ्गाको काम गर्ने उनको धारणा थियो ।




सो अवसरमा बोल्दै नेता अफताबले रौतहटको खेलकुद क्षेत्रको दिगो विकास, युवा सशक्तीकरण र समाजमा सकारात्मक रूपान्तरणका लागि आवश्यक सहयोग र समन्वय गर्न आफू सदैव प्रतिबद्ध रहने प्रतिबद्धता समेत जनाए । रास्वपाका प्रभावशाली युवा नेताको उपस्थितिले प्रतियोगितामा सहभागी खेलाडी तथा स्थानीय खेलप्रेमी युवाहरूमा थप उत्साह र ऊर्जा थपेको आयोजक समितिले जनाए । स्वस्थ युवा, समृद्ध समाज भन्ने मूल नाराका साथ सञ्चालित दाबर प्रिमियर लिगले खेलकुदको माध्यमबाट आपसी सामाजिक सद्भाव, भाइचारा र युवाशक्तिको रचनात्मक विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ । खेलकुद र सामाजिक अभियानहरूमा नेता अफताबको निरन्तरको सक्रियताले यस क्षेत्रको समग्र विकासप्रतिको उनको चासो र प्रतिबद्धतालाई स्पष्ट पारेको छ ।

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

**ईशनाथ नगरपालिका, औरैया, रौतहट**

सुरक्षित पर्यावरणको माध्यमबाट किराको ब्यस्थापन गरौं ।
आफ्नो स्वस्थ्य बचाउ । उत्पादन बढाउ ।।

**प्रसौनी गाउँपालिका**
**प्रसौनी, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# हिमालयन लाईफ ईन्सुरेन्सको १८ औं बार्षिक उत्सव उत्साहपूर्वक सम्पन्न

*सिकिन्द्र साह*
*बारा, २२ जेठ*

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडले आफ्नो १८औँ स्थापना दिवस अभिकर्ताहरूसँग मिलेर उत्साहपूर्वक मनाएको छ।

बाराको कलैयास्थित हिमालयन लाइफ इन्स्योरेन्स शाखा कार्यालयमा विभिन्न स्थानीय तहबाट सहभागी भएका अभिकर्ताहरूको उपस्थितिमा शाखा प्रमुख अभिनाश तिवारीको नेतृत्वमा वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको हो। कम्पनीले देशभर रहेका आफ्ना शाखा कार्यालयहरूमा समेत विविध कार्यक्रम गरी १८औँ वार्षिकोत्सव मनाएको जनाएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै शाखा प्रमुख तिवारीले मुलुकको आर्थिक विकास र नागरिकको वित्तीय सुरक्षामा हिमालयन लाइफ इन्स्योरेन्सले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको बताए। उनले वर्तमान समयमा प्रत्येक परिवारका लागि जीवन बीमा अपरिहार्य आवश्यकता बनिसकेको उल्लेख गर्दै बीमाले आकस्मिक जोखिमबाट आर्थिक सुरक्षा प्रदान गर्नुका साथै परिवारको भविष्य सुरक्षित बनाउन सहयोग गर्ने धारणा राखे।



तिवारीले विकसित राष्ट्रहरूमा जीवन बीमाप्रतिको आकर्षण र सहभागिता निरन्तर बढ्दै गएको उदाहरण प्रस्तुत गर्दै नेपालमा पनि बीमासम्बन्धी जनचेतना विस्तार गर्न आवश्यक रहेको बताए। उनले बीमा क्षेत्रको पहुँच गाउँ-गाउँसम्म पुर्‍याई नागरिकलाई आर्थिक रूपमा सुरक्षित बनाउने अभियानलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

उनका अनुसार जीवन बीमा केवल बचत वा लगानीको माध्यम मात्र नभई विपद् तथा अनिश्चित परिस्थितिमा परिवारलाई आर्थिक रूपमा संरक्षण गर्ने भरपर्दो आधार पनि हो। त्यसैले समाजका सबै वर्ग र समुदायलाई बीमाको दायरामा ल्याउन सरोकारवाला निकाय, कम्पनी तथा अभिकर्ताहरूले संयुक्त रूपमा काम गर्नुपर्ने आवश्यकता रहेको उनले बताए। कार्यक्रममा सहभागी अभिकर्ताहरूले कम्पनीको सफलताको शुभकामना व्यक्त गर्दै आगामी दिनमा बीमा सेवाको विस्तार र जनविश्वास अभिवृद्धिका लागि सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। वार्षिकोत्सव अवसरमा शुभकामना आदानप्रदान तथा केक काटेर कार्यक्रम सम्पन्न गरिएको थियो।

# एभरेष्ट बैंकद्वारा ज्ञानवाटिका मावीलाई ६ थान कम्प्युटर सहयोग

*हरिकोशोर शर्मा*
*पर्सा, २२ जेठ*

एभरेष्ट बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) कार्यक्रमअन्तर्गत पर्साको सुवर्णपुरस्थित ज्ञानवाटिका माध्यमिक विद्यालयलाई ६ थान कम्प्युटर तथा ३ थान फुटबल प्रदान गरेको छ।

विपन्न तथा आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीहरूलाई कम्प्युटर शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले बैंकले विद्यालयमै पुगेर कम्प्युटर हस्तान्तरण गरेको हो।

शुक्रबार विद्यालय परिसरमा आयोजित एक कार्यक्रममा एभरेष्ट बैंकका मधेश प्रदेश प्रादेशिक कार्यालय प्रमुख पुष्करराज उप्रेतीले विद्यालयका प्रधानाध्यापक बिर्जु प्रसाद चौधरीलाई कम्प्युटर हस्तान्तरण गरेका थिए। सो अवसरमा विद्यालयका विद्यार्थीहरूको खेलकुद गतिविधिलाई प्रोत्साहन गर्न ३ थान फुटबलसमेत प्रदान गरिएको थियो।

हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै उप्रेतीले ज्ञानवाटिका माध्यमिक विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थी निम्न आयस्तर भएका परिवारबाट आएको उल्लेख गर्दै उनीहरूलाई आधुनिक प्रविधि र कम्प्युटर शिक्षासँग जोड्ने उद्देश्यले सहयोग गरिएको बताए।



उनले आर्थिक अवस्था कमजोर भएका बालबालिकाले पनि गुणस्तरीय प्राविधिक शिक्षा प्राप्त गर्नुपर्ने आवश्यकता औंल्याउँदै आगामी दिनमा विद्यालयसँग विभिन्न क्षेत्रमा सहकार्यलाई निरन्तरता दिइने जानकारी दिए।

कार्यक्रममा वीरगंज भन्सार एजेन्ट संघ पर्साका अध्यक्ष राजमान तामाङ, नेपाल शिक्षक महासंघ ठोरीका अध्यक्ष अमृत श्रेष्ठलगायतले शिक्षा क्षेत्रमा निजी क्षेत्रको योगदान महत्वपूर्ण रहेको धारणा व्यक्त गरेका थिए।

विद्यालय व्यवस्थापन समितिका सदस्य विमल खड्काको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा एभरेष्ट बैंक वीरगञ्ज शाखाका प्रमुख विनय उपाध्याय, आईसीपी शाखाका प्रमुख सम्पूर्ण महर्जन, विद्यालय व्यवस्थापन समितिकी सदस्य शान्तिमाया थिङ, पूर्वविद्यार्थी प्रतिमा लामा, शिक्षक, विद्यार्थी तथा स्थानीय अभिभावकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

विद्यालय प्रशासनले बैंकले प्रदान गरेको कम्प्युटरले विद्यार्थीहरूको प्राविधिक ज्ञान अभिवृद्धि गर्न तथा सूचना प्रविधिमा पहुँच विस्तार गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ।

**फतुवा विजयपुर नगरपालिका द्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

फतुवा विजयपुर नगरपालिकाको कार्यालय लक्ष्मिनिया (दो.) रौतहट

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

# सरकारी मल नपाएपछि भारतीय बजारमा किसानको भर, सीमामा लडाईले झन समस्या

*हरिकिशोर शर्मा*
*पर्सा, २२ जेठ*

धान खेतीको मुख्य सिजन सुरु भएसँगै पर्सा जिल्लाका किसानहरू रासायनिक मलको चरम अभावका कारण गम्भीर समस्यामा परेका छन्। धानको बीउ छर्ने तथा रोपाइँको तयारी गर्ने महत्वपूर्ण समयमा डिएपी (डीएपी) र युरिया मल सहज रूपमा उपलब्ध नहुँदा किसानहरू चिन्तित बनेका छन्। प्रत्येक वर्ष दोहोरिने मल अभावको समस्या यस वर्ष पनि उस्तै देखिएपछि किसानहरूले खेतीपाती नै प्रभावित हुने अवस्था सिर्जना भएको बताएका छन्।

सरकारी अनुदानको मल समयमै उपलब्ध नभएपछि किसानहरू महँगो मूल्य तिरेर भारतबाट मल खरिद गर्न बाध्य भएका छन्। तर पछिल्लो समय सीमा क्षेत्रमा सुरक्षा निगरानी कडा बनाइएकाले व्यक्तिगत प्रयोगका लागि समेत मल ल्याउन कठिन भएको किसानहरूको गुनासो छ। यसले खेतीको लागत बढ्नुका साथै उत्पादनमा समेत प्रतिकूल असर पर्ने देखिएको छ।

पर्साको जिराभवानी गाउँपालिका-१ महादेवपट्टीका किसान प्रेम खवास थारुले सरकारी बिक्री केन्द्रमा मल नपाएपछि भारतीय बजारबाट प्रतिकिलो १०० रुपैयाँसम्म तिरेर




डिएपी मल खरिद गर्नुपरेको बताए। उनका अनुसार धान खेती सुरु हुने प्रत्येक वर्ष मलको अभाव दोहोरिने गरे पनि सम्बन्धित निकायले समस्या समाधानका लागि प्रभावकारी पहल गर्न सकेका छैनन्।

"सरकारले मल आयात गरेको र किसानका लागि पठाएको समाचार हरेक वर्ष सुनिन्छ, तर खेतमा मल हाल्ने बेला किसानले पाउँदैनन्," उनले भने, "यसले किसानको उत्पादन लागत बढाएको छ र खेतीप्रतिको उत्साहसमेत घटाएको छ।"

सीमावर्ती क्षेत्रका किसानहरूका लागि अर्को चुनौती भारतबाट मल ल्याउनसमेत कठिन हुनु हो। विगतमा सरकारी मल अभाव हुँदा सीमापारिबाट एक-दुई बोरा मल ल्याएर खेती धान्ने गरेका किसानहरू अहिले सीमा क्षेत्रमा बढाइएको कडाइका कारण त्यो विकल्पबाट पनि वञ्चित भएका छन्। ठोरी गाउँपालिकाका किसान निरबहादुर कार्कीका अनुसार विगतमा भारतीय बजारबाट मल ल्याएर खेती सञ्चालन गर्ने गरिए पनि अहिले सीमा क्षेत्रमा सुरक्षा जाँच कडा भएकाले किसानहरू समस्यामा परेका छन्। "सरकारी मल कहिलेकाहीँ मात्र आउँछ, त्यो पनि सबै किसानले पाउँदैनन्। भारतबाट ल्याउन खोज्दा रोकतोक र कारबाहीको डर छ," उनले भने।

कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका प्रमुख दुर्गाप्रसाद पाण्डेले कम्पनीसँग हाल डिएपी मलको मौज्दात शून्य रहेको स्वीकार गरेका छन्। उनका अनुसार उपलब्ध डिएपी मल पूर्ण रूपमा सकिएको छ भने हाल कम्पनीसँग करिब १४ हजार मेट्रिक टन युरिया मल मात्र मौज्दात छ।

उनले बफर स्टकअन्तर्गत करिब ३ हजार मेट्रिक टन डिएपी मल रहेको र साल्ट ट्रेडिङ कर्पोरेशनसँग मधेश प्रदेशका लागि करिब ६ हजार ३ सय मेट्रिक टन डिएपी मल मौज्दात भए पनि किसानसम्म तत्काल आपूर्ति हुन नसकेको बताए।

पाण्डेका अनुसार अन्तर्राष्ट्रिय बजारमा देखिएको आपूर्ति समस्या र मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण रासायनिक मलको आयात प्रभावित भएको छ। "नेपाल मात्र होइन, भारतमा समेत मल अभाव देखिएको छ। त्यसको असर सीमावर्ती क्षेत्रका किसानहरूले बढी भोगिरहेका छन्," उनले बताए।

कृषि सामग्री कम्पनीका अनुसार चैत महिनायता नयाँ कोटाको रासायनिक मल नेपाल भित्रिएको छैन। यही कारण देशभर डिएपी मलको अभाव देखिएको हो। कम्पनीले असार २० गतेपछि केन्द्रबाट प्रदेश तथा जिल्लाहरूमा नयाँ मल वितरण सुरु गर्ने जनाएको छ। आगामी चरणमा करिब २५ हजार मेट्रिक टन डिएपी र ६० हजार मेट्रिक टन युरिया मल नेपाल भित्रिने तयारी भइरहेको कम्पनीको दाबी छ।

कृषि विज्ञहरूका अनुसार धान खेतीको सुरुआती चरणमा डिएपी मल अत्यन्त महत्वपूर्ण हुन्छ। समयमा मल प्रयोग गर्न नसकिए बिरुवाको वृद्धि, उत्पादन क्षमता तथा समग्र कृषि उत्पादनमा प्रत्यक्ष असर पर्छ। मधेश प्रदेश धान उत्पादनको प्रमुख क्षेत्र भएकाले मल अभावले खाद्य सुरक्षासम्म असर पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ।

किसान संगठनहरूले सरकारले तत्काल पर्याप्त मात्रामा रासायनिक मल उपलब्ध गराउनुपर्ने माग गरेका छन्। उनीहरूले हरेक वर्ष दोहोरिने समस्या अन्त्य गर्न दीर्घकालीन योजना, प्रभावकारी वितरण प्रणाली तथा समयमै खरिद प्रक्रिया सुनिश्चित गर्न सरकारसँग आग्रह गरेका छन्।

धान रोपाइँको समय नजिकिँदै जाँदा पर्साका किसानहरू मलको खोजीमा भौतारिन बाध्य छन्। सम्बन्धित निकायले शीघ्र समाधान ननिकाले यस वर्षको धान उत्पादनमा गम्भीर असर पर्ने र त्यसको प्रभाव खाद्य सुरक्षादेखि किसानको आयसम्म पर्ने देखिएको छ।

# नारालाई साक्षर जिल्ला घोषणा गर्ने तयारी तिव्र



*साजिर मन्सूर*
*कलैया, २२ जेठ*

बारा जिल्लालाई साक्षर जिल्ला घोषणा गर्ने तयारीस्वरूप जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम शुक्रबार कलैया उपमहानगरपालिकाको सभाहलमा सम्पन्न भएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको आयोजनामा भएको कार्यक्रममा जिल्लाका स्थानीय तहका जनप्रतिनिधि, शिक्षा शाखा प्रमुख, शिक्षा क्षेत्रका सरोकारवाला तथा शिक्षाप्रेमीहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा साक्षर जिल्ला घोषणा गर्न आवश्यक मापदण्ड, प्रक्रिया, तथ्याङ्क संकलन, अनुगमन तथा मूल्याङ्कनका विषयमा विस्तृत जानकारी गराइएको थियो। वक्ताहरूले साक्षरता अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहको सक्रिय भूमिका अपरिहार्य रहेको उल्लेख गर्दै जिल्लाभित्र रहेका निरक्षर नागरिकहरूको पहिचान गरी अभियानकै रूपमा साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक माधवप्रसाद पोखरेलले हालसम्म नेपालका ६८ वटा जिल्ला मात्र साक्षर घोषणा भएको जानकारी दिँदै साक्षरता अभियान सफल बनाउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको बताए। उनले साक्षरताका १२ सूचक प्रस्तुत गर्दै तीमध्ये कम्तीमा ५० प्रतिशत अर्थात् ६ वटा सूचक पूरा गर्न सक्ने व्यक्तिलाई साक्षर मान्न सकिने बताए।

निर्देशक पोखरेलका अनुसार साक्षरताका प्रमुख सूचकहरूमा मातृभाषा वा राष्ट्रभाषा पढ्न-लेख्न सक्ने, मूल्यसूची र बिल बुझ्न सक्ने, आफ्नो तथा परिवारका सदस्यहरूको विवरण लेख्न सक्ने, मोबाइल तथा क्यालकुलेटर प्रयोग गर्न सक्ने, सामान्य गणना गर्न सक्ने, लेनदेनको हिसाब राख्न सक्ने, ट्राफिक संकेत तथा सूचना पढ्न सक्ने, समय र मिति बताउन सक्ने तथा बैंकिङ कारोबारका आधारभूत प्रक्रिया बुझ्न सक्ने क्षमता समावेश छन्।

उनले दिगो विकास लक्ष्य (एसडीजी) अन्तर्गत सन् २०३० सम्म सबै युवा तथा उल्लेखनीय संख्यामा वयस्क महिला-पुरुषलाई साक्षर र गणितीय सीपयुक्त बनाउने लक्ष्य रहेको स्मरण गराउँदै 'इच वन टिच वन' अभियानमार्फत शिक्षित व्यक्तिहरूले आफ्ना घरपरिवार तथा समुदायका निरक्षर व्यक्तिलाई साक्षर बनाउन अग्रसर हुनुपर्ने बताए।

पोखरेलले मधेश प्रदेशमा १५ देखि ६० वर्ष उमेर समूहका करिब ८ लाख ३३ हजार १७१ जना निरक्षर नागरिक रहेको तथ्याङ्क प्रस्तुत गर्दै उनीहरूलाई साक्षर बनाउनु चुनौतीपूर्ण भए पनि सम्भव रहेको धारणा व्यक्त गरे।

शिक्षा विकास तथा समन्वय इकाई बाराका प्रमुख अशोककुमार रौनियारले नेपाल सरकारको साझा लक्ष्य पूरा गर्न सबै सरोकारवालाले एकजुट भएर काम गर्नुपर्ने बताए। उनले बारालाई मधेश प्रदेशकै पहिलो साक्षर जिल्ला बनाउने अभियानमा स्थानीय तह, शिक्षा शाखा, सामुदायिक सिकाइ केन्द्र तथा

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा